रम्भा गाउँपालिका
गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०५।०४ गते आ.ब. २०८१/०८२ बैठक क्र.सं.

आज मिति २०८१/०५/०४ गते रम्भा गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिति

| सि नं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद भण्डारी | अध्यक्ष | [signature] | |
| २ | श्री राधा कुमारी श्रेष्ठ | उपाध्यक्ष | [signature] | |
| ३ | श्री ईश्वरी काफ्ले | १ नं. वडा अध्यक्ष | [signature] | |
| ४ | श्री चेत बहादुर सुनारी | २ नं. वडा अध्यक्ष | [signature] | |
| ५ | श्री थमन बहादुर गाहा | ३ नं. वडा अध्यक्ष | [signature] | |
| ६ | श्री कृष्ण बहादुर रायमाझी | ४ नं. वडा अध्यक्ष | | |
| ७ | श्री खुमकान्त बस्याल | ५ नं. वडा अध्यक्ष | [signature] | |
| ८ | श्री हिमा कुमारी सिंजाली | सदस्य | [signature] | |
| ९ | श्री सरस्वति वि.क. | सदस्य | [signature] | |
| १० | श्री विमला जि.आर. | सदस्य | | |
| ११ | श्री नानु कुमारी गन्धर्व | सदस्य | [signature] | |
| १२ | श्री भोज बहादुर वि.क. | सदस्य | [signature] | |
| १३ | श्री नेत्र बहादुर वि.क. | सदस्य | [signature] | |
| १४ | श्री पोष्टराज न्यौपाने | नि.प्र.प्र.अ | [signature] | |
| १५ | दिपक कुमार साहु | इन्जिनियर | [signature] | |
| १६ | रविन्द्र गौतम | क.अ | [signature] | |

रम्भा गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०५।०४ गते | आ.व. २०८१/०८२ | जम्मा बैठक संख्याः ६०

बैठक क्र.सं ०२

**निर्णयहरुः**

१. **गत बैठकको जानकारी तथा प्राप्त पत्रहरुको जानकारी सम्बन्धमाः** अघिल्लो गाउँकार्यपालिकाको बैठकका निर्णयहरुको सम्वन्धमा छलफल भई विभिन्न कार्यालयबाट प्राप्त पत्रहरुको जानकारी गरियो।

२. **विपद् व्यवस्थापन सम्बन्धमाः** यस गाउँपालिकाभित्रका विभिन्न वडाहरुमा अविरल वर्षाका कारण पुगेको क्षतिलाई मध्यनजर गर्दै सम्वन्धित वडाहरुबाट प्राप्त सिफारिस, प्रहरी मुचुल्का, निजहरुको निवेदन, संलग्न फोटोहरु र विपद् व्यवस्थापन समितिको मिति २०८१/०४/१४ र २०८१/०४/३२ गतेको सिफारिसका आधारमा तपसिल बमोजिमका व्यक्तिहरुलाई विपद् व्यवस्थापन कोषबाट तपिसल बमोजिमको आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.स | निवेदकको नामथर र ठेगाना | विषय | सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बुद्धिराम दर्लामी | घरको पूर्ण क्षति | १५०००।- | |
| २ | हरी बहादुर सारु | घरको पूर्ण क्षति | १५०००।- | |
| ३ | विर बहादुर वि.क | घरको पूर्ण क्षति | १५०००।- | |
| ४ | हेमन्त गाहा | घरको पूर्ण क्षति | १५०००।- | |
| ५ | भक्त बहादुर वि.क | घरको पूर्ण क्षति | १५०००।- | |
| ६ | तिलीसरा सिंजाली | घरको पूर्ण क्षति | १५०००।- | |
| ७ | सोम बहादुर सिंजाली | घरको पूर्ण क्षति | १५०००।- | |
| ८ | कुल बहादुर ठाडा | गोठ तथा घरको पूर्ण क्षति | १५०००।- | |
| ९ | नैना देवी वि.क | घरको पूर्ण क्षति | १५०००।- | |
| १० | आनन्द पाण्डे मगर | घर नेर पहिरो गएको | १००००।- | |
| ११ | निम कुमारी घर्ती | पहिरोले घरमा क्षति भएको | १००००।- | |
| १२ | दल बहादुर थापा | पहिरोले आगनमा पहिरो गएको | ५०००।- | |

३. **कृष्ण गण्डकी मा.वि को पहिरो व्यवसथापन सम्बन्धमाः** यस गाउँपालिका वडा नं १ स्थित श्री कृष्ण गण्डकी मा.वि, असेर्दीमा मिति २०८१/०३/२० गतेको अविरल वर्षका कारण भवन पछाडी पट्टीको भागमा पहिरो गई विद्यालयको वाल कक्षा तथा अन्य कक्षा कोठामा क्षति पुगेको र कक्षा कोठामा हिलो वगिरहने समस्याका कारण दैनिक पठनपाठनमा समेत कठिनाई भएको हुँदा उक्त पहिरो व्यवस्थापन गर्नका लागि रु.५०,०००।-(अक्षरेपी पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो।

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

CamScanner

रम्भा गाउँपालिका
गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०५।०४ गते | आ.व. २०८१/०८२ बैठक क.सं ०२ | जम्मा बैठक संख्याः ६०

४. **२ नं वडा कार्यालयको कार्यालय मर्मत सम्भार सम्बन्धमाः** यस गाउँपालिका वडा नं २ को वडा कार्यालयमा वर्षाका कारण कार्यालय नजिक रहेको रुख ढली वडा कार्यालयको भौतक संरचनामा क्षति पुऱ्याएको र ढलेको रुखले गर्दा दैनिक कामकाजमा समेत असहज भएकाले सो रुख हटाउनुपर्ने र क्षति पुगेको संरचना पुन निर्माण गर्नुपर्ने भएको हुँदा सो को लागि प्राविधिक लागत अनुमानका आधरमा संरचना निर्माण र रुख हटाउने कार्य अगाडी बढाउने निर्णय गरियो।

५. **मोटरबाटो व्यवस्थापन सम्वन्धमाः** यस गाउँपालिका वडा नं ५ स्थित कोषढुङ्गा-फुरुङ्दी-सातविसे मोटरवाटो अन्तर्गतको बाकुम खण्डमा अविरल वर्षाका कारण रिटेनिङ्ग वाल भत्केको हुँदा सवारी साधन आवत जावतमा समेत असुरक्षा भएकाले प्राविधिकहरुको उपस्थितिमा उक्त पहिरो व्यवस्थापन गर्ने निर्णय गरियो।

६. **योजना कार्यान्वयन सम्बन्धमाः**

क) चालु आ.व २०८१/८२ का योजनाका कार्यान्वयनका लागि २०८१ भाद्र मासन्तसम्म उपभोक्ता समिति गठन गरिसक्ने र उपभोक्ता समितिको निर्णय बमोजिम प्राविधीक शाखाबाट लागत अनुमान तयार गर्ने निर्णय गरियो।

ख) लसुने-ओमभञ्ज्याङ-देउराली सडक अन्तर्गतको घोडसिङ्ग जिरो देखी गाउँपालिका जिरोसम्मको सडक खण्डमा कालोपत्रे गर्ने कार्यका लागि प्राविधिक शाखाबाट प्राप्त इष्टिमेट अनुसार टेण्डर आव्हान गर्ने र चालु आ.व.मा विनियोजित वजेटमा अपुग रकम हिउँदे गाउँसभाबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

७. **सडक मर्मत सम्भार सम्बन्धमाः** मिलनचोक-लिलमुनी-मार्सिडाँडा सडक खण्डमा सडक मर्मत सम्भारका लागि ४ नं र ५ नं वडा को सिफारिसका आधारमा तपसिल वमोजिमका लेन्थमेन खटाई वर्षादको समयमा उक्त सडक निरन्तर मर्मत गरी संचालन गर्ने निर्णय गरियो।

तपसिल

| क.सं | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | खेम वहादुर विश्वकर्मा | रम्भा गाउँपालिका-०४, हुमिन | |
| २ | दिल वहादुर कामी | रम्भा गाउँपालिका-०५, ताँहू | |

८. **ब्याकोलोडर खरिद सम्बन्धमाः** चालु आ.व २०८१/८२ मा "हेभि इक्विवपमेन्ट र अन्य सवारी साधन खरिद" शिर्षकमा विनियोजित वजेटवाट ब्याक्होलोडर खरिद गर्ने र सो को खरिदका लागि खरिद प्रकृया अगाडी वडाउने निर्णय गरियो।

९. **"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमाः** यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न मितिमा तपसिल वमोजिमका फर्महरुवाट "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनि दर्ता भएका निवेदनहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७७" दफा (४) को उपदफा (२) बमोजिम गठित समितिले सोही कार्यविधीको अनुसूचि (५) बमोजिम आवश्यक कागजातहरु

रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपलडाँडा पाल्पा
लुम्बिनी प्रदेश नेपाल

रम्भा गाउँपालिका
गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०५।०४ गते  आ.व. २०८१/०८२  जम्मा बैठक संख्याः ६०
बैठक क्र.सं ०२

जाँचवुझ गरी इजाजतपत्रका लागि कार्यपालिकामा सिफारिस गरेको हुँदा निजहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलव्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.स | फर्मको नाम | संचालकको नाम | कैफियत |
|---|---|---|---|
| १ | सिटी स्पेस विल्डर्स प्रा.लि | प्रशान्त शर्मा | |
| २ | एच.पि विल्डर्स एण्ड डेभलपर्स प्रा.लि | मनिषा पौडेल | |
| ३ | कृताप्रसामी रिजाल कन्स्ट्रक्सन प्रा.लि | शालिकराम रिजाल | |

१०. नदिजन्य पदार्थ तथा नीजी जग्गाबाट उत्खनन हुने पदार्थहरुको स्टक प्रमाणित सम्वन्धीं निर्देशिका, २०८१ सम्बन्धमाः यस गाउँपालिकाको नदीजन्य पदार्थ तथा नीजी जग्गावाट उत्खनन हुने पदार्थहरुको स्टक प्रमाणितका लागि "नदिजन्य पदार्थ तथा नीजी जग्गाबाट उत्खनन हुने पदार्थहरुको स्टक प्रमाणित सम्बन्धी निर्देशिका, २०८१" सर्वसम्वत पारिद गरियो।

११. कर्मचारी नियुक्ति अनुमोदन सम्बन्धमाः यस गाउँपालिकाको मिति विभिन्न मितिमा सेवा करारमा कर्मचारी आवश्यकता सम्वन्धी प्रकाशित सूचना वमोजिम परीक्षा संचालन समितिवाट परीक्षा संचालन गरी सो समितिवाट सिफारिस हुनुभएका तपसिल वमोजिमका कर्मचारीहरुलाई सम्झौता वमोजिमको सेवा सुविधा उपलव्ध गराउने गरी नियुक्ति अनुमोदन गरियो।

तपसिल

| क्र.सं | नामथर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | मिलन काफ्ले | वैद्य | सारदा नगरपालिका-०८, सल्यान | |
| २ | सुवास कँडेल | नगर प्रहरी | रम्भा गाउँपालिका-०१, पाल्पा | |
| ३ | कृष्ण प्रसाद न्यौपाने | नगर प्रहरी | रम्भा गाउँपालिका-०३, पाल्पा | |

१२.रकम दाखिला सम्वन्धमाः आ.व २०७८/७९ मा प्रदेश सशर्त कार्यक्रम अन्तर्गत यस गाउँपालिका वडा नं ५ ताँहूमा संचालित "जुनकिरी समाज नेपाल ट्रष्ट भवन" को उपभोक्ता समितिको मिति २०८१/०४/२२ गतेको रकम फिर्ता सम्वन्धि प्राप्त निवेदन उपर छलफल गर्दा ट्रस भवन निर्माणका लागि जुनकिरी समाज नेपाल ट्रस भवन निर्माण उपभोक्ता समितीलाई भुक्तानी भएको रकमको प्रचलित कानुन अनुसार साँवा व्याज यस गाउँपालिकको खातामा दाखिला गर्न उक्त समितीलाई निर्देशन दिने निर्णय गरियो।

CamScanner